दंगीशरणगाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८३।०८४

च.नं. २५५

मितिः२०८३/०६/०५

## तोरीको विउ खरिद कार्यको दररेट पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८३/०६/०५)**

यस गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत स्तरको उन्नती जातको तोरीको बीउ वितरण कार्यक्रम सञ्चालन गर्नका लागि तपसिलमा उल्लिखित उन्नत स्तरको उन्नती जातको तोरीको बीउ खरिद गर्नुपर्ने भएकोले इच्छुक तथा सम्बन्धित फर्म/कम्पनी/आपूर्तिकर्ताहरूबाट देहाय बमोजिमको शर्त तथा विवरणको अधीनमा रही दररेट (Quotation/Rate) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | विवरण | स्तर | जात | परिमाण | एकाइ | दर अंक र अक्षरमा | दर रेट पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | तोरीको विउ | उन्नत | उन्नती | १ | के.जी. | | सुचना प्रकाशन भएको मितिले ७ दिन |

**विनियोजित बजेट : ५० प्रतिशत अनुदानमा रु.१,५०,०००।— (एक लाख पचास हजार मात्र)**

दररेट पेश गर्ने सम्बन्धी शर्तहरू

१. दररेट पेश गर्ने फर्म/कम्पनी प्रचलित कानून बमोजिम दर्ता भएको र सम्बन्धित कारोबार गर्न इजाजत प्राप्त हुनुपर्नेछ।

२. दररेटमा मूल्य अभिवृद्धि कर (VAT), ढुवानी तथा अन्य सम्पूर्ण खर्च समावेश भएको/नभएको स्पष्ट खुलाउनुपर्नेछ।

३. तोरीको बीउ प्रमाणित (Certified) तथा नेपाल सरकारबाट तोकिएको मापदण्ड अनुसारको हुनुपर्नेछ।

४. बीउको जात, उत्पादन वर्ष, अंकुरण क्षमता, प्याकेजको तौल तथा अन्य आवश्यक विवरण दररेटमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।

५. दररेटसँग फर्म/कम्पनी दर्ता प्रमाणपत्र, PAN/VAT प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा सम्बन्धित इजाजत/अनुमति प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

६. दररेट यस सूचना प्रकाशित भएको मितिले २०८३/०६/१२ गते भित्र, कार्यालय समयमा दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङमा पेश गर्नुपर्नेछ।

७. पेश भएका दररेटहरू कार्यालयले प्रचलित सार्वजनिक खरिद कानून तथा नियमावलीबमोजिम मूल्याङ्कन गरी उपयुक्त आपूर्तिकर्ता छनोट गर्नेछ।

८. नमुना/स्पेसिफिकेशन बमोजिमको गुणस्तर नभएको बीउ आपूर्ति गर्न पाइने छैन।

९. निर्धारित समयभित्र प्राप्त नभएका तथा शर्त पूरा नभएका दररेटहरू मान्य हुने छैनन्।

१०. दररेट स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा कार्यक्रम/खरिद प्रक्रिया रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।

११. अन्य कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानूनबमोजिम हुनेछ।

थप जानकारीका लागिः

फोन नं.: ९८४४८२२१५७,९८५७८२२४९५

२०८३।६।५

बिनोद अधिकारी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३